आज मिति २०८३ साल मंसिर ०९ गतेका दिन प्रमुख जिल्ला अधिकारी एवं जिल्ला दररेट निर्धारण समितिका अध्यक्ष श्री बर्तराज पौडेलज्यूको अध्यक्षतामा ***सार्वजनिक खरिदमा आबद्ध श्रमिकको पारिश्रमिक तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यविधि, २०८३ को दफा १६*** को न्यूनतम पारिश्रमिक सम्बन्धी व्यवस्था बमोजिम श्रमिकहरुको ज्याला निर्धारण गर्न जिल्ला दररेट निर्धारण गर्नका लागि सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम १४८ वमोजिम गठित दररेट निर्धारण समितिको बैठक देहायका समितिका सदस्यहरुको उपस्थितिमा जिल्ला प्रशासन कार्यालयमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थितिः-</u>

क्र.सं.	नाम थर	पद	कार्यालय/संस्था	हस्ताक्षर
१.	श्री बर्तराज पौडेल	प्रमुख जिल्ला अधिकारी	जिल्ला प्रशासन कार्यालय, दार्चुला	
२.	श्री खडक सिंह धामी	जि.स.स. सदस्य	जिल्ला समन्वय समितिको कार्यालय, दार्चुला	
३.	श्री जितेन्द्र बि.क.	जि.स.अ.	जिल्ला समन्वय समितिको कार्यालय, दार्चुला	
४.	श्री हरि दत्त पाण्डेय	कोष नियन्त्रक	कोष तथा लेखा नियन्त्रक कार्यालय, दार्चुला	
५.	श्री सुरेश थापा	अध्यक्ष, जि.उ.वा. संघ	जिल्ला उद्योग वाणिज्य,संघ, दार्चुला	
६.	श्री सर्प राज बडू	अध्यक्ष, जि.नि.व्य. संघ	जिल्ला निर्माण व्यवसायी संघ, दार्चुला	
७.	ई.श्री ईश्वर कार्की	आयोजना प्रमुख	माहाकाली कोरिडोर सडक योजना, दार्चुला	

आमन्त्रितः-

क्र.सं.	नाम,थर	पद	कार्यालय/संस्था	हस्ताक्षर
१	श्री गुणराज न्यौपाने	स.प्र.उ.	सशस्त्र प्रहरी वल नेपाल नं. ४४ गण हे.क्वा. दार्चुला	
२	श्री राज कुमार थापा	गुल्मपति/सेनानी	नेपाली सेना श्रीदल गुल्म दार्चुला	
३	श्री गोविन्द प्रशाद पाण्डेय	प्रमुख अनुसन्धान अधिकृत	राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय दार्चुला	
४	श्री मोहन सिंह धामी	स.प्र.जि.अ.	जिल्ला प्रशासन कार्यालय दार्चुला	
५	श्री हेमराज भट्ट	प्रहरी निरीक्षक	जिल्ला प्रहरी कार्यालय दार्चुला	

निर्णयः-

१. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ९९४, मिति २०८३।०८।०१ गतेको पत्रसाथ संलग्न ***सार्वजनिक खरिदमा आबद्ध श्रमिकको पारिश्रमिक तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यविधि, २०८३ मा*** उल्लेखित व्यवस्था अनुसार यस अघि मिति २०८३।०३।२९ मा बसेको जिल्ला दररेट निर्धारण समितिको बैठकबाट कायम गरिएको आ.व. २०८३/०८४ को जिल्ला दररेटलाई संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

२. यस अघि मिति २०८३।०३।२९ गतेका दिन बसेको जिल्ला दररेट निर्धारण समितिको बैठकबाट निर्धारण गरिएको यस आ.व. २०८३/०८४ को जिल्ला दररेटमा सार्वजनिक खरिदमा आबद्ध श्रमिकको ज्याला तथा पारिश्रमिकको सट्टामा देहाय बमोजिम हुने गरी संशोधन गरि कार्यान्वयन गर्ने।

देहायः-

न्यूनतम दैनिक तथा मासिक पारिश्रमिक दर तालिका

(क) निर्माण/फिल्ड श्रमिकको न्यूनतम दैनिक पारिश्रमिक दर

निर्माण एवं फिल्ड श्रमिकको श्रेणी र तह	न्यूनतम दैनिक दर	सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १०%	रोजगारदाता साझेदारी १० %	कुल दैनिक दर
श्रेणी'१: आधारभूत सहयोगी (अदक्ष) (स्वीपर, कार्यालय सहयोगी आदि)	रु. १,४५०/-	रु. १४५/-	रु. १४५/-	रु. १,७४०/-
श्रेणी'२: आधारभूत कालिगड (अदक्ष)(सुरक्षा गार्ड, हलुका चालक, ज्यामी आदि)	रु. १,६००/-	रु. १६०/-	रु. १६०/-	रु. १,९२०/-
श्रेणी'३: अर्धदक्ष सहयोगी तथा सेवाकर्मी (सुरक्षा गार्ड, हलुका चालक, सहायक मिस्त्री/अपरेटर आदि)	रु. १,७५०/-	रु. १७५/-	रु. १७५/-	रु. २,१००/-

श्रेणी'४: दक्ष कालिगड तथा सहायक सुपरिवेक्षक (डकर्मी, प्लम्बर, मेसिन/कम्प्युटर अपरेटर, गणक आदि)	रु. १,९००/-	रु. १९०/-	रु. १९०/-	रु. २,२८०/-
श्रेणी'५: उच्च दक्ष तथा सुपरिवेक्षक (फोरम्यान, हेभी अपरेटर, सब–इन्जिनियर, आदि)	रु. २,०००/-	रु. २००/-	रु. २००/-	रु. २,४००/-

(ख) बौद्धिक तथा व्यावसायिक (Professional) श्रमिकको न्यूनतम पारिश्रमिक दर

Professional श्रमिकको श्रेणी र तह	न्यूनतम दैनिक दर	सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १०%	रोजगारदाता साझेदारी १०%	कुल दैनिक दर	कुल मासिक समतुल्य
श्रेणी'१: आधारभूत (प्रशासनिक)	रु. १,७५०/-	रु. १७५/-	रु. १७५/-	रु. २,१००/-	रु. ५४,६००/-
श्रेणी'२: आधारभूत (प्राविधिक)	रु. २४५०/-	रु. २४५/-	रु. २४५/-	रु. २,९४०/-	रु. ७६,४४०/-
श्रेणी'३: विशेषज्ञ (५ वर्षसम्मको अनुभवको हकमा)	रु. ३,८५०/-	रु. ३८५/-	रु. ३८५/-	रु. ४,६२०/-	रु. १,२०,१२०/-
श्रेणी'४: विशेषज्ञ विज्ञ (५ देखि १० वर्षसम्मको अनुभवको हकमा)	रु. ५,२५०/-	रु. ५२५/-	रु. ५२५/-	रु. ६,३००/-	रु. १,६३,८००/-
श्रेणी'५: विशेषज्ञ टिम लिडर (१० देखि १५ वर्षसम्मको अनुभवको हकमा)	रु. ६,६५०/-	रु. ६६५/-	रु. ६६५/-	रु. ७,९८०/-	रु. २,०७,४८०/-
श्रेणी'६: विशेषज्ञ टिम लिडर (१५ वर्षमाथिको अनुभवको हकमा)	रु. ८,४००/-	रु. ८४०/-	रु. ८४०/-	रु. १०,०८० /-	रु. २,६२,०८०/-

(ग) उद्योग, कलकारखाना, विक्रेता वा उत्पादकअन्तर्गतका श्रमिकको न्यूनतम मासिक पारिश्रमिक दर

उद्योग वा कलकारखाना वा विक्रेता वा उत्पादक अन्तर्गत श्रमिकको श्रेणी र तह	न्यूनतम मासिक दर	सामाजिक सुरक्षा योगदान २०%	जम्मा
श्रेणी'१: आधारभूत सहयोगी (अदक्ष) (स्वीपर, कार्यालय सहयोगी आदि)	रु. २७,१७२/-	रु. ५,४३५ /-	रु. ३२,६०७/-
श्रेणी'२: आधारभूत कालिगड (अदक्ष)(सुरक्षा गार्ड, हलुका चालक, ज्यामी आदि)	रु. ३०,३७३/-	रु. ६,०७५ /-	रु. ३६,४४८/-
श्रेणी'३: अर्धदक्ष सहयोगी तथा सेवाकर्मी (सुरक्षा गार्ड, हलुका चालक, सहायक मिस्त्री/अपरेटर आदि)	रु. ३२,७०१/-	रु. ६,५४१ /-	रु. ३९,२४२/-
श्रेणी'४: दक्ष कालिगड तथा सहायक सुपरिवेक्षक (मेसिन/कम्प्युटर अपरेटर आदि)	रु. ३६,१९२/-	रु. ७,२३९ /-	रु. ४३,४३१/-
श्रेणी'५: उच्च दक्ष तथा सुपरिवेक्षक (फोरम्यान, हेभी अपरेटर, सुपरभाइजर, सब'इन्जिनियर, लेखापाल आदि)	रु. ३८,२०३/-	रु. ७,६४१ /-	रु. ४५,८४४/-

माथि उल्लिखित न्यूनतम मासिक पारिश्रमिकका अतिरिक्त प्रचलित कानुनबमोजिम सरकारी सेवा सरहका चाडपर्व खर्च, बिदा, भत्ताहरूसमेत रोजगारदाताले श्रमिकलाई उपलब्ध गराउनु पर्नेछ ।

३. आ.व. २०८३/०८४ का लागि निर्धारण गरिएको जिल्ला दररेटको बुँदा नं. २४ (**ढुवानी तथा श्रमिक ज्यालामा दररेट थप गर्ने बारे**) मा **"यस जिल्लाको सितोलाको माथिल्लो भाग व्याँस, घुसा र खण्डेश्वरीमा उल्लेखित श्रमिक र ढुवानी दररेटमा ५० % तथा राप्ला, सुन्सेरा, बालशिखर, कैचुलामा १०% थप गर्ने"** सम्बन्धी बुँदामा त्रुटिबस छुट भएको कमा (,) लाई थप गरी तपशिल बमोजिम संशोधन गरिएको छ ।

<u>तपशिल</u>:-

"यस जिल्लाको सितोलाको माथिल्लो भाग, व्याँस, घुसा र खण्डेश्वरीमा उल्लेखित श्रमिक र ढुवानी दररेटमा ५० % तथा राप्ला, सुन्सेरा, बालशिखर, कैचुलामा १०% थप गर्ने"।